आज मिति २०८२ साल कात्तिक १९ गते बुधबार यस कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा-नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र वराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| बैठक सञ्चालन सहयोगी कर्मचारी | | | |
| १. | पदम ब. बुढा | ना.सु. | |
| २. | [illegible] | [illegible] | |
| ३. | अञ्जना कटुवाल | का.स. | |

मिति २०८२ कार्त्तिक १९ गते बुधबार बसेको कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरू

प्रस्तावहरू:

१. नेपाल सरकार (म.प.) को निर्णय कार्यान्वयन सम्वन्धमा।
२. विविध।

निर्णयहरू:

१. मिति २०८२ भदौ २३ र २४ को जेन जी आन्दोलन पश्चात गठन भएको नयाँ मन्त्रिपरिषद्ले आन्दोलनको माग बमोजिम सुशासन, पारदर्शिता तथा विधिको शासन सशक्त पालना गर्दै उक्त आन्दोलनमा भएको क्षति र मुलुकको अर्थतन्त्रको सामान्यीकरणलाई ध्यान दिँदै चालु खर्च कटौती गर्न अर्थ मन्त्रालयको प.सं. २०८२/८३(वजेट), च.नं. ११८ तथा मिति २०८२/०६/०७ बाट निर्देशन भएको तथा सोको कार्यान्वयनको अवस्थाका सन्दर्भमा प.सं. २०८२/०८३, च.नं. १३३ तथा मिति २०८२/०७/१२ को पत्रबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कार्यान्वयन प्रगतिको विवरण माग समेत भई आएको छ। यस नगरपालिकाको कार्यपालिका र नगरसभाको क्रमशः मिति २०८१/०४/२६ र २७ मा बसेको बैठकबाट स्वीकृत कटारी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ बमोजिम स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी कार्यरत रहे नरहेको सम्वन्धमा थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा निर्णयका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

२. विविध तर्फः

१. यस नगरपालिकाको विपद समितिको मिति २०८२/०७/१४ मा बसेको बैठकबाट भएका सबै निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

२. यस नगरपालिकाको वडा नं. १ निर्माणाधिन तिम्नाही कमला झोलुङ्गे पुल सङ्घीय सरकार र यस नगरपालिकाको साझेदारीमा निर्माण भई रहेकोमा उक्त पुल निर्माण गर्ने व्यवसायी Lekhraj-Him Shrinkhala J.V. ले रनिङ्ग वापत भुक्तानी माग भएकोले पुल निर्माण गर्न सम्झौता भएको निर्माण व्यवसायीलाई सङ्घीय सरकारबाट उक्त शीर्षकमा प्राप्त रकमबाट प्राविधिक विल बमोजिम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

३. सङ्घीय सरकारबाट जारी भएको भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ तथा भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ बमोजिम सबै स्थानीय तहहरूले अनिवार्य रूपमा आफ्नो भौगोलिक क्षेत्रको भूउपयोग क्षेत्र वर्गीकृत नक्सा बमोजिम कित्तागत विवरण सुधार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था बमोजिम उक्त कार्य गर्नका लागि यस नगरपालिकाबाट छनौट

भएको जियो इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि., बानेश्वर, काठमाडौंबाट स्थानीय सर्वेक्षणको आधारमा तयार भएको साविक कटारी गाउँ विकास समिति तथा हाल कटारी नगरपालिकाको वडा नं. १, २, ३ र ४ को कित्तागत वर्गीकरण तयार भई उपलब्ध गराएकोले उक्त विवरण सम्बन्धित जग्गाधनीको जानकारी तथा उक्त वर्गीकरणमा कुनै गुनासो भए सोको सम्बोधनका लागि १५ दिने सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो।

४. यस नगरपालिकाबाट कृषकसँगको साझेदारीमा वितरण गरिएको वर्षे धानको बिउबाट हाल फसल भित्र्याउने समयमा मिस्कट फसल लागेको भनी विशेष गरी वडा नं. ३ र ५ का किसानबाट गुनासो आएकोले यस नगरपालिकाको कृषि शाखालाई धानबालीको स्थलगत अनुगमन गरी कृषि ज्ञान केन्द्र, उदयपुरसँगको समन्वय गरी उक्त धानको बिउ सप्लाई गर्ने कृषि सहकारीलाई आवश्यक कारवाही लगायत प्रक्रिया थाल्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

५. यस नगरपालिकाको वडा नं. ४ मा रहेको श्री त्रिवेणी माध्यामिक विद्यालय र वडा नं. १० मा रहेको जनता कालिका माध्यामिक विद्यालय सोरूङ्ग छबिसेको विद्यालय व्यवस्थापन समितिले विद्यालय नर्स गर्न माग प्राप्त भएको माग बमोजिमको प्रक्रिया पुगेको भनी कोशी प्रदेशको प्रदेश स्वास्थ्य निर्देशानालय र प्रदेश स्वास्थ्य मन्त्रालयमा विद्यालय नर्स व्यवस्थापन गर्न सिफारिस दिने सर्वसम्मत निर्णय गरियो।

६. यस नगरपालिकाको वडा नं ४ मा रहेको कटारी नगर अस्पताल चालु आर्थिक वर्षको साउन १ देखि कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरिएको र यसै नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट यस नगरपालिकाको वडा नं. ११ गहुँबारीमा कटारी नगर अस्पताल सञ्चालन गर्ने गरी भौतिक संरचना समेत निर्माण भइरहेकोले उक्त अस्पताल सञ्चालन गर्न आवश्यक कार्यविधि तयार पारी पेश गर्न यसै नगरपालिकाको स्वास्थ्य शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

७. JDS छात्रवृत्तिको मनोनयनको लागि यस कार्यलयमा कार्यरत शिक्षा अधिकृत, अधिकृतस्तर आठौं सन्जु कुमारी दाहाल (क.सं.न.२४१७४५) को २ वर्षको अध्ययन बिदा स्वीकृतिको लागि मुख्य-मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

८. वडा कार्यालय, वडा नं.८, सिरिसेको च.नं.१६३, मिति २०८२।०६।०५ को प्राप्त पत्रानुसार यस कटारी नगरपालिकाको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम. अन्तर्गत देहायको योजना संशोधन गर्न आगामी नगर सभाबाट अनुमोदनको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| क्र.सं. | साविक योजना | हाल संशोधन योजना |
|---|---|---|
| १ | देउराली हुँदै हलदे महादेव मन्दिर जोड्ने सडक मर्मत (नगर प्रमुखसँग साझेदारी) रु. रु.३,००,०००।- | वडा स्तरीय मोटर बाटो रु.३,००,०००।- |

९. सम्बन्धित वडा कार्यालयको सिफारिस, उपचाररत अस्पतालको पुर्जा तथा सिफारिस र निवेदकको निवेदनका आधारमा तपशिल बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरुप आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | सहायता रकम |
|---|---|---|---|---|
| १. | खड्क बहादुर परियार | - | पूर्व जिल्ला समन्वय प्रमुख मृगौला विरामी | ५१०००।- |
| २ | धन बहादुर कटुवाल | वडा नं ४ | छोरा राजमणी कटुवाल मोटरसाइकल दुर्घटनामा सख्त घाइते | ५१,०००।- |
| ३ | सुरेश कुमारी लामा | वडा नं.४ | मृगौला सम्वन्धी गम्भिर विरामी | २००००।- |
| ४ | चन्द्र कुमारी कार्की | वडा नं.११ | ढाडको मेरुदण्ड समस्या | १५०००।- |
| ५ | राम प्रसाद धमला | वडा नं.१२ | आर्थिक अवस्था कमजोर तथा विपन्न नागरिक | १५०००।- |
| ६ | नारायण कुमार श्रेष्ठ | वडा नं.१३ | दुर्घटना | २००००।- |
| ७ | रन माया दनुवार | वडा नं.७ | मृगौला बिरामी | १५०००।- |
| ८ | कपिल कुमारी कार्की | वडा नं.३ | बिरामी तथा विपन्न नागरिक | २००००।- |
| ९ | आशिष कुमार चौधरी | वडा नं.३ | बिरामी तथा विपन्न नागरिक | २००००।- |
| १० | धन बहादुर तामाङ्ग | वडा नं.५ | आर्थिक तथा स्वास्थ्य अवस्था कमजोर | २००००।- |
| ११ | खड्ग बहादुर दनुवार | वडा नं.७ | दुर्घटना | २००००।- |
| १२ | सन्ज माया राई | वडा नं.२ | मृत्यु भएको काजक्रिया | १५०००।- |
| १३ | विश्व दर्शन मिडिया ग्रुप प्रा.लि. | - | जनचेतामूलक विज्ञापन प्रकाशन | १५०००।- |
| १४ | उदयपुर डान्स स्टुडियो | - | एकल नृत्य प्रतियोगिता | १५०००।- |

CamScanner